# नयाँ हिजरी वर्षको सुरुवातसँगै केही विचारणीय पक्षहरू

**मिति:** ४ मुहर्रम १४४८ हिजरी (तदनुसार १९ जून २०२६ ईस्वी)

**पहिलो उपदेश**

सबै प्रशंसा अल्लाहकै लागि हो, जो पवित्र हुनुहुन्छ, शान्तिका स्रोत हुनुहुन्छ, रात र दिनका सञ्चालक हुनुहुन्छ तथा महिना र वर्षहरूलाई क्रमशः नयाँ बनाउने मालिक हुनुहुन्छ। म गवाही दिन्छु कि अल्लाहबाहेक कुनै सत्य पूज्य छैन। उहाँ एक्लै हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन। उहाँले मुहर्रम महिनालाई वर्षका महिनाहरूको सुरुवात बनाउनुभएको छ।

म यो पनि गवाही दिन्छु कि हाम्रा पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका दास तथा उहाँका सन्देशवाहक हुनुहुन्छ। उहाँ समस्त सृष्टिका नेता, पूर्ण चन्द्रमाजस्ता उज्याला मार्गदर्शक तथा नुबुव्वतको अन्तिम कडी हुनुहुन्छ। अल्लाहको कृपा, शान्ति र आशिष् उहाँमाथि, उहाँका सम्मानित परिवारमाथि, उहाँका असल र प्रतिष्ठित सहाबामाथि तथा न्यायको मार्गमा उनीहरूको अनुसरण गर्नेहरूमाथि तबसम्म रहिरहोस्, जबसम्म प्रकाश र अन्धकारको क्रम चलिरहन्छ।

त्यसपछि,

हे अल्लाहका दासहरू! म तपाईंहरूलाई र आफूलाई अल्लाहको डर (तकवा) अपनाउन उपदेश दिन्छु, किनकि यही सबै भन्दा लाभदायक आर्जन, सबैभन्दा महान् उपहार र सबैभन्दा उच्च उद्देश्य हो।

अल्लाह तआलाले भन्नुभएको छः

وَمَنْ يُطِعِ اللَّهَ وَرَسُولَهُ وَيَخْشَ اللَّهَ وَيَتَّقْهِ فَأُولَئِكَ هُمُ الْفَائِزُونَ [النور: 52]

"र जसले अल्लाह र उहाँका रसूलको आज्ञा पालन गर्दछ, अल्लाहसँग डराउँछ र उहाँको तकवा (परहेजगारी) अपनाउँछ, उही मानिसहरू नै सफल हुनेछन्।" सूरह अन् नुर ५२

र जान्नुहोस् कि सबैभन्दा उत्तम वाणी अल्लाहको किताब (कुरआन) हो, र सबैभन्दा उत्तम मार्गदर्शन मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को मार्गदर्शन हो। धर्ममा नवप्रवर्तन गरिएका कुराहरू (बिद्अतहरू) सबैभन्दा खराब हुन्। प्रत्येक बिद्अत कुमार्ग हो, र प्रत्येक कुमार्गले नरकतर्फ डोऱ्याउँछ।

हे मुस्लिम समुदाय!

इस्लामी उम्मत (समुदाय) यस समय नयाँ हिजरी वर्षको आगमनको साक्षी बनिरहेको छ। धेरै सुख र दुःखहरू बोकेको बितेको वर्षको सूर्य अस्ताइसकेको छ। त्यो वर्ष हाम्रा कर्महरूको साक्षी बन्दै र हाम्रा कार्यहरूको अभिलेख साथमा लिएर बिदा भएको छ। रात र दिनहरू कति चाँडै बित्छन्, अनि महिना र वर्षहरू कति छिट्टै समाप्त हुन्छन्! तर भाग्यमानी र सफल व्यक्ति त्यो हो, जसले यी घटनाहरूबाट पाठ र शिक्षा ग्रहण गर्छ, र बितेका घटनाहरूबाट उपदेश तथा चेतावनी प्राप्त गर्छ।

अल्लाह तआलाले भन्नुभएको छः

وَلَقَدْ جَاءَهُمْ مِنَ الْأَنْبَاءِ مَا فِيهِ مُزْدَجَرٌ القمر: 4

"र निश्चय नै उनीहरूकहाँ (अघिल्ला समुदायका) यस्ता समाचारहरू आइसकेका छन्, जसमा पर्याप्त चेतावनी छ।" सूरह अल बकर ४

**हे मोमिन (आस्थावान) हरू!**

चौध शताब्दीअघि सर्वश्रेष्ठ पैगम्बर तथा अल्लाहका चुनिएका दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को हिजरत (बसाइँसराइ) भएको थियो। यो यस्तो महान् घटना थियो, जसले आफ्नो प्रकाशले गौरव र सौन्दर्यका आयामहरू उजागर गऱ्यो र जसका पृष्ठहरू महानता तथा प्रतिष्ठाका अनुपम उदाहरणहरूले भरिएका छन्। यो हिजरत पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को जीवनको एक अमूल्य अध्याय, एक सुदृढ व्यावहारिक मार्गदर्शन तथा एक महान् ऐतिहासिक स्रोत बनेको छ, जसले यस उम्मतको गौरव र प्रतिष्ठा बढाउँछ तथा यसका आगामी पुस्ताहरूलाई सही मार्गमा हिँड्न प्रेरित गर्दछ।

आज हामी तपाईंहरूमाझ हिजरतको त्यही गौरवशाली घटना तथा त्यसका क्रममा भएका त्याग, समर्पण र बलिदानका प्रसंगहरू स्मरण गरिरहेका छौँ, ताकि हामी त्यसबाट धैर्य, सहयोग र वफादारीको वास्तविक अर्थ सिक्न सकौँ।

हाम्रा अमानतदार रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले पूरा तेह्र वर्षसम्म आफ्ना मानिसहरूलाई बुद्धिमत्ता र साहसका साथ, चेतावनी तथा शुभसूचनाका विविध माध्यमहरू अपनाउँदै धर्मको प्रचार गर्नुभयो। उहाँ उनीहरूका सभा र जमघटहरूमा जानुहुन्थ्यो र उनीहरूबाट हुने कठोर व्यवहार, कष्ट, छलका अनेक प्रयास तथा अपमान र उत्पीडनको कुनै पर्वाह गर्नुहुन्नथ्यो।

यहाँसम्म कि कुफ्फारहरू (अविश्वासीहरू) उहाँको हत्या गर्ने षड्यन्त्रमा लागे र हतियारसहित उहाँको घर घेरे। तर अल्लाहले आफ्ना प्रिय दूतलाई उनीहरूको हातबाट सुरक्षित राख्नुभयो र उनीहरूको षड्यन्त्र उनीहरूकै विरुद्ध फर्काइदिनुभयो। अल्लाह तआलाले भन्नुभएको छः

**وَإِذْ يَمْكُرُ بِكَ الَّذِينَ كَفَرُوا لِيُثْبِتُوكَ أَوْ يَقْتُلُوكَ أَوْ يُخْرِجُوكَ وَيَمْكُرُونَ وَيَمْكُرُ اللَّهُ وَاللَّهُ خَيْرُ الْمَاكِرِينَ** [الأنفال: 30]

**"र (त्यो समय सम्झनुहोस्) जब अविश्वासीहरूले तपाईंको विरुद्धमा षड्यन्त्र गरिरहेका थिए, ताकि उनीहरूले तपाईंलाई बन्दी बनाऊन्, वा तपाईंको हत्या गरून्, अथवा तपाईंलाई (मक्काबाट) निष्कासित गरिदिऊन्। उनीहरू पनि षड्यन्त्र गरिरहेका थिए र अल्लाह पनि (तिनीहरूको षड्यन्त्रको प्रतिकारस्वरूप) योजना बनाइरहनुभएको थियो। निश्चय नै, अल्लाह सबैभन्दा उत्तम योजना बनाउने हुनुहुन्छ।"** (सूरह अल-अन्फाल, ३०)

जब यो परीक्षा अझ कडा हुँदै गयो र मोमिनहरूमाथिका कष्टहरू बढ्दै गए, तब अल्लाह जल्ला जलालुहुले आफ्ना पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) लाई मदिना मुनव्वरा (पवित्र मदिना) तर्फ हिजरत गर्ने अनुमति दिनुभयो, ताकि उहाँ त्यहाँ मोमिनहरूमाझ बस्न सकून्, मुशरिकहरू (बहुदेववादीहरू) का षड्यन्त्रहरूबाट सुरक्षित रहन सकून्, र आफ्नो धर्मको प्रचार–प्रसार गर्न सकून्, जुन सम्पूर्ण सृष्टिका पालनकर्ता अल्लाहले उहाँका लागि रोज्नुभएको थियो। त्यसैले, उहाँको हिजरत आशाको किरण, विजयको प्रारम्भ तथा मक्का छोड्न बाध्य भएका सहाबाहरूका लागि सम्मान र सफलतासहित पुनः फर्किने मार्गको आधार बन्यो।

अल्लाह तआलाले भन्नुभएको छः

إِنَّ الَّذِي فَرَضَ عَلَيْكَ الْقُرْآنَ لَرَادُّكَ إِلَى مَعَادٍ] القصص: 85

"निश्चय नै जसले तपाईंमाथि यो कुरान अनिवार्य गर्नुभएको छ, उहाँले तपाईंलाई पुनः आफ्नो (फिर्ने) ठाउँ (मक्का) मा फर्काउनुहुनेछ।"सूरह अल कसस ८५

अल्लाहले हिजरतको माध्यमबाट इस्लामलाई सम्मान प्रदान गर्नुभयो, दुःख र पीडाको युगको अन्त्य भयो। हिजरत सत्यको प्रकाश र शिर्क (बहुदेववाद) को अन्धकार बीचको निर्णायक विन्दु बन्यो र त्यसपछि इस्लामको राज्य स्थापित भयो। अल्लाह ताआलाले भन्नुभएको छ:

وَقُلْ جَاءَ الْحَقُّ وَزَهَقَ الْبَاطِلُ إِنَّ الْبَاطِلَ كَانَ زَهُوقًا] الإسراء: 81

**“र भन्नुहोस्: सत्य आइपुगेको छ र असत्य मेटिएको छ। निश्चय नै असत्य त मेटिने नै हो।” सूरह इस्रा ८१**

**हे एकेश्वरवादीहरू!**

जसले पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को हिजरतको घटना तथा त्यसमा निहित धार्मिक मार्गदर्शन र अल्लाहका महान् चिन्हहरूमाथि गहिरो चिन्तन गर्दछ, उसले स्पष्ट रूपमा बुझ्छ कि सम्मान र शक्ति केवल तौहीद (एकेश्वरवाद), दृढ ईमान, अल्लाहको मार्गमा हिजरत तथा उहाँका अमानतदार रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को मार्गदर्शनको अनुसरणबाट मात्र प्राप्त हुन्छ। यही कुरा हाम्रा पालनकर्ताले आफ्नो किताबमा उल्लेख गर्दै भन्नुभएको छः

فَفِرُّوا إِلَى اللَّهِ إِنِّي لَكُمْ مِنْهُ نَذِيرٌ مُبِينٌ] الذاريات: 50]

**“त्यसैले अल्लाहतर्फ दौड (शरण लेऊ)। निश्चय नै म उहाँको तर्फबाट तिमीहरूका लागि स्पष्ट सचेतकर्ता हुँ।” सूरहअद्दारियात ५०**

हिजरत दुई प्रकारका हुन्छन्।

**पहिलो, शारीरिक हिजरत**, जुन शिर्क (अधर्म) को भूमिबाट इस्लामको भूमितर्फ गरिन्छ। यस्तो हिजरत तब आवश्यक हुन्छ, जब कुनै व्यक्तिले आफ्नो पालनकर्ता तथा सर्वज्ञानी अल्लाहको इबादत (उपासना) गर्न सक्दैन र नमाज, जकात तथा रोजा (व्रत) जस्ता धार्मिक कर्तव्यहरू पूरा गर्न असमर्थ हुन्छ। यस्तो अवस्थामा मोमिन आफ्नो धर्मको रक्षा गर्न र आफ्नो ईमान सुरक्षित राख्न हिजरत गर्न बाध्य हुन्छ।

अल्लाह ताआलाले भन्नुभएको छ:

وَمَنْ يَخْرُجْ مِنْ بَيْتِهِ مُهَاجِرًا إِلَى اللَّهِ وَرَسُولِهِ ثُمَّ يُدْرِكْهُ الْمَوْتُ فَقَدْ وَقَعَ أَجْرُهُ عَلَى اللَّهِ وَكَانَ اللَّهُ غَفُورًا رَحِيمًا
[ {النساء: 100 ]

**“र जसले आफ्नो घरबाट अल्लाह र उहाँका रसूलतर्फ हिजरत गर्दै निस्कन्छ, अनि त्यसपछि उसलाई मृत्युले भेट्छ भने, उसको प्रतिफल अल्लाहको जिम्मामा निश्चित भइसकेको हुन्छ। निश्चय नै, अल्लाह अत्यन्त क्षमाशील र दयालु हुनुहुन्छ।”** "(सूरह अन्-निसा: १००

**दोस्रो, हृदयको (आन्तरिक) हिजरत** हो, जुन अल्लाह जल्ला जलालुहुको तौहीद (एकेश्वरवाद) लाई दृढतापूर्वक अपनाएर, उहाँको प्रसन्नता खोजेर, उहाँका आदेशहरूको पालना गरेर तथा उहाँलाई अप्रसन्न बनाउने पाप र दुष्कर्महरूबाट टाढा रहेर गरिन्छ।

**قَالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «الْمُهَاجِرُ مَنْ هَجَرَ مَا نَهَى اللهُ عَنْهُ»، [أَخْرَجَهُ البُخَارِيُّ مِنْ حَدِيثِ عَبْدِ اللهِ بْنِ عَمْرٍو رضي الله عنهما] .**

पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छः **"वास्तविक मुहाजिर (हिजरत गर्ने व्यक्ति) त्यो हो, जसले ती कार्यहरू त्याग्छ, जसबाट अल्लाहले निषेध गर्नुभएको छ।"** (इमाम बुखारीले अब्दुल्लाह बिन अम्र (रदियल्लाहु अन्हु) बाट वर्णित हदीसमा उल्लेख गर्नुभएको छ।)

यो हृदयको हिजरत ईमानको शुद्धता र त्यसको सुदृढ आधारका लागि अनिवार्य छ। यो प्रत्येक मुसलमानमाथि उसको सम्पूर्ण जीवनभर अनिवार्य रहन्छ, जसलाई उसले मृत्युको क्षणसम्म पनि त्याग्नु हुँदैन।

यसैले सहाबा (पैगम्बरका साथीहरू) का हृदयमा हिजरतको महत्त्व अत्यन्त ठूलो थियो। उनीहरूले यसको महानता र यसमा निहित ज्ञान तथा शिक्षालाई मानवजातिमाझ उजागर गर्न प्रयत्न गरे। साथै, उनीहरूले यसै घटनालाई इस्लामी इतिहासको प्रारम्भिक बिन्दु बनाई प्रत्येक वर्षको सुरुवातका लागि ऐतिहासिक सन्दर्भ (क्यालेन्डर) को रूपमा स्थापित गरे।

यसलाई महिना र दिनहरूको गणनाका लागि आधिकारिक समय–निर्धारणको आधार बनाइयो, ताकि उम्मतको इतिहास र सभ्यतागत गौरवलाई सम्मान गर्न सकियोस्, यसको संघर्ष तथा न्यायपूर्ण उद्देश्यको स्मृतिलाई जीवन्त राख्न सकियोस्, र यसको स्वतन्त्रता तथा स्वाभिमानलाई सुदृढ बनाउन सकियोस्।

त्यसैले, हे अल्लाहका दासहरू! यस वर्षको सुरुवातसँगै आफ्नो तौबा (क्षमा याचना) लाई नवीकरण गर्नुहोस्, र आफ्ना पालनकर्तातर्फको आध्यात्मिक हिजरतका लागि असल कर्महरूको पाथेय सङ्कलन गर्नुहोस्। राम्रो परिणाम, स्थायी सुख तथा अनेकौँ आशिष्हरूको शुभसूचना प्राप्त गर्नुहोस्।

त्यो सत्ताको कसम, जसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई सत्यका साथ पठाउनुभयो; कुनै पनि मुसलमानको अवस्था तबसम्म सुधारिँदैन, जबसम्म उसले आफ्नो धर्मको पालना गर्दैन। साथै, उसले तबसम्म सम्मान र प्रतिष्ठा प्राप्त गर्न सक्दैन, जबसम्म ऊ सम्पूर्ण सृष्टिका पालनकर्ता अल्लाहतर्फ फर्कँदैन र पैगम्बरहरू तथा सन्देशवाहकहरूको मार्गमा हिँड्दैन।

**أَمِيرُ المُؤْمِنِينَ عُمَرُ بْنُ الْخَطَّابِ رَضِيَ اللهُ عَنْهُ: «إِنَّا قَوْمٌ أَعَزَّنَا اللهُ بِالإِسْلَامِ، فَمَهْمَا نَطْلُبِ العِزَّةَ بِغَيْرِ مَا أَعَزَّنَا اللهُ بِهِ أَذَلَّنَا اللهُ» [أَخْرَجَهُ الحَاكِمُ فِي مُسْتَدْرَكِهِ، وَصَحَّحَهُ الأَلْبَانِيُّ].**

**अमिरुल मोमिनिन उमर बिन अल-खत्ताब (रदियल्लाहु अन्हु) भन्नुहुन्छः**

**"हामी त्यस्ता मानिसहरू हौँ, जसलाई अल्लाहले इस्लामद्वारा सम्मान प्रदान गर्नुभएको छ। त्यसैले, यदि हामीले अल्लाहले हामीलाई सम्मानित बनाउनुभएको माध्यमबाहेक अन्य कुनै कुरामा सम्मान खोज्यौँ भने, अल्लाहले हामीलाई अपमानित गर्नुहुनेछ।"**

**(यसलाई हाकिमले आफ्नो 'अल-मुस्तदरक' मा उल्लेख गर्नुभएको छ, र अल्बानीले यसलाई सही ठहर गर्नुभएको छ।)**

हे अल्लाह! हाम्रा कर्महरूमध्ये अन्तिम कर्मलाई सबैभन्दा उत्तम बनाइदिनुहोस्, हाम्रा जीवनका अन्तिम क्षणहरूलाई उत्कृष्ट बनाइदिनुहोस्, र हाम्रा दिनहरूमध्ये तपाईंलाई भेट्ने दिनलाई सबैभन्दा उत्तम दिन बनाइदिनुहोस्। निश्चय नै, तपाईं नै प्रार्थना सुन्ने र परम कृपालु हुनुहुन्छ।

अल्लाहले म र तपाईंहरूका लागि महान् कुरआनमा बरकत (आशिष्) प्रदान गरून्, र यसमा रहेका आयतहरू तथा ज्ञानपूर्ण उपदेशहरूबाट हामीलाई लाभान्वित गरून्। म यति भन्दै अल्लाहसँग आफ्ना र तपाईंहरूका सम्पूर्ण पापहरूको क्षमा माग्दछु र उहाँतर्फ फर्कन्छु। निश्चय नै, उहाँ अत्यन्त क्षमाशील र अति दयालु हुनुहुन्छ।

दोस्रो उपदेश (खुत्बा)

सबै प्रशंसा अल्लाहकै लागि हो, जसले अवस्थाहरूलाई सुधार्नुभयो र उत्तम परिणाम प्रदान गर्नुभयो। म गवाही दिन्छु कि अल्लाहबाहेक कुनै सत्य पूज्य छैन। उहाँ एक्लै हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन। उहाँकै आदेश सर्वोपरि छ।

म यो पनि गवाही दिन्छु कि हाम्रा नेता तथा पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका दास र रसूल हुनुहुन्छ, जसलाई उत्कृष्ट गुणहरूका साथ चयन गरिएको छ। अल्लाहको कृपा र प्रशस्त शान्ति उहाँमाथि, उहाँका परिवारमाथि तथा उहाँका सहाबाहरूमाथि रहोस्, जो उच्च मर्यादा र सम्मानका स्थानमा पुगेका छन्।

त्यसपछि:

हे अल्लाहका दासहरू! अल्लाहसँग डर राख्नुहोस् (तकवा अपनाउनुहोस्), किनकि अल्लाहको डर नै तपाईंको सफलताको कारण, तपाईंका कार्यहरूको सुरक्षा, तपाईंको सम्मानको मुकुट तथा तपाईंको शक्तिको आधार हो।

हे आस्थावान अल्लाहका दासहरू!

नयाँ वर्षको सुरुवातमा हामीले स्मरण गर्नुपर्ने तथा जसका गहिरा पाठहरू सधैँ मनन गर्नुपर्ने घटनाहरूमध्ये एउटा महत्त्वपूर्ण घटना हो—अल्लाहले आफ्ना प्रिय भक्तहरूलाई प्रदान गर्नुभएको सहायता र आफ्ना शत्रुहरूमाथि लिनुभएको प्रतिशोध।

यो एउटा महान् ऐतिहासिक घटना हो, जुन युगौँको परिवर्तन र अनेकौँ राज्यहरूको उत्थान-पतनपछि पनि अमर रहिआएको छ।

जब अल्लाहले आफ्ना महान् रसूल, मूसा बिन इम्रान (अलैहिस्सलाम) लाई विजय प्रदान गर्नुभयो, अत्याचारी फिरऔनलाई डुबाउनुभयो, उसको सेनालाई परास्त गर्नुभयो, बनी इस्राईललाई उद्धार गर्नुभयो र उनीहरूका लागि समुद्रको बीचबाट बाटो खोलिदिनुभयो, तब दासत्व र उत्पीडनमा परेका मानिसहरूले अन्ततः विजय, सुरक्षा र शक्ति प्राप्त गरे।

यस घटनाबाट हामीले सिक्नुपर्ने कुरा के हो भने, अत्याचार, कष्ट र अन्याय जतिसुकै कठोर र लामो किन नहोस्, अन्ततः अल्लाहको सहायता नै उहाँका भक्तहरूको भाग्य र गन्तव्य बन्नेछ।

यो घटना ती सबैका लागि पनि ठूलो शिक्षा हो, जो अत्याचारी र अन्यायीहरूको मार्गमा हिँड्छन्; किनकि अल्लाहको सजाय उनीहरूलाई ढिलो वा चाँडो अवश्य पुग्नेछ।

**त्यसैले, हिजरतको घटना र आशूराको दिन (मुहर्रमको दशौँ दिन) विजयका ती अमर दिनहरू हुन्, जसले ईमानवालाहरूका आँखालाई शीतलता प्रदान गरून् र अत्याचारी तथा असत्यका प्रचारकहरूलाई समय बित्नुअघि नै आफ्ना गल्तीहरूबाट फर्किन चेतावनी दिऊन्।**

**अल्लाह तआलाले भन्नुभएको छः**

**إِنَّ فِي ذَٰلِكَ لَذِكْرَىٰ لِمَن كَانَ لَهُ قَلْبٌ أَوْ أَلْقَى السَّمْعَ وَهُوَ شَهِيدٌ** [ق: 37]

**"निश्चय नै यसमा त्यस व्यक्तिका लागि शिक्षा छ, जससँग बुझ्ने हृदय छ, वा जसले ध्यानपूर्वक सुन्छ र सचेत रहन्छ।" सूरह कफ़ ३७**

**हे मोमिनहरू!**

अल्लाहको महिना मुहर्रमका असल कर्महरूमध्ये एउटा महत्त्वपूर्ण कर्म भनेको यस महिनामा बढीभन्दा बढी रोजा (व्रत) बस्नु हो।

**أَبِي هُرَيْرَةَ رَضِيَ اللهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «أَفْضَلُ الصِّيامِ بَعْدَ رَمَضَانَ شَهْرُ اللهِ الْمُحَرَّمِ» [أخرَجَهُ مُسْلِمٌ]**

**"रमजानपछि सबैभन्दा उत्तम रोजा अल्लाहको महिना मुहर्रमको रोजा हो।"** अबु हुरैरा (रदियल्लाहु अन्हु) बाट वर्णित छ कि अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयोः *(यसलाई इमाम मुस्लिमले उल्लेख गर्नुभएको छ*

विशेष गरी यसको दशौँ दिन (आशूरा) को रोजा, जसको बारेमा आशा गरिन्छ कि यसले बितेको एक वर्षका पापहरूको प्रायश्चित्त हुनेछ।

**أَبِي قَتَادَةَ رَضِيَ اللهُ عَنْهُ أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ سُئِلَ عَنْ صِيَامِ يَوْمِ عَاشُورَاءَ فَقَالَ: «أَحْتَسِبُ عَلَى اللهِ أَنْ يُكَفِّرَ السَّنَةَ الَّتِي قَبْلَه» [أخرَجَهُ مُسْلِمٌ].**

**"म अल्लाहसँग आशा राख्दछु कि यसले अघिल्लो वर्षका पापहरू क्षमा गरिदिनेछ।"** अबु कतादा (रदियल्लाहु अन्हु) बाट वर्णित छ कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई आशूराको दिनको रोजाबारे सोधिँदा उहाँले भन्नुभयोः *(यसलाई इमाम मुस्लिमले उल्लेख गर्नुभएको छ।*

साथै, पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले अहले किताब (यहूदी र इसाई) हरूसँग भिन्नता कायम गर्न तथा पुण्यमा थप वृद्धि गर्नका लागि आशूराको एक दिनअघि अर्थात् नवौँ दिन पनि रोजा बस्ने दृढ इच्छा व्यक्त गर्नुभएको थियो।

**فَقَالَ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «لَئِنْ بَقِيتُ إِلَى قَابِلٍ لَأَصُومَنَّ التَّاسِعَ» [أخرَجَهُ مُسْلِمٌ مِنْ حَدِيثِ ابْنِ عَبَّاسٍ رَضِيَ اللهُ عَنْهُمَا].**

उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयोः **"यदि म आगामी वर्षसम्म जीवित रहेँ भने, म अवश्य नवौँ दिन पनि रोजा बस्नेछु।"** *(यसलाई इमाम मुस्लिमले इब्ने अब्बास (रदियल्लाहु अन्हुमा) बाट वर्णित हदीसमा उल्लेख गर्नुभएको छ।)*

त्यसैले, हे सफल व्यक्तिहरू! आफ्ना पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को आह्वानलाई स्वीकार गर्नुहोस् र आफ्ना पालनकर्ताको प्रसन्नता प्राप्त गर्न यी दुवै दिन रोजा बस्न तत्पर हुनुहोस्।

यो कति सानो कर्म हो, जसका लागि यति ठूलो प्रतिफल (थवाब) निर्धारित गरिएको छ!

बुद्धिमान व्यक्ति त्यो हो, जसले यस्ता अवसरहरूको सदुपयोग गर्दै असल कर्महरू गर्दछ र आफ्नो नयाँ वर्षको सुरुवात पुण्य, आज्ञाकारिता तथा उच्च दर्जा प्राप्त गर्ने कार्यहरूबाट गर्दछ।

हे अल्लाहका दासहरू! जान्नुहोस् कि कर्महरूमध्ये सबैभन्दा बढी पुण्य दिने काम आदमका सन्तानमध्ये सबैभन्दा श्रेष्ठ, जसको चर्चा र दर्जा उच्च छ, जो स्पष्ट चमत्कारहरू र उत्कृष्ट चरित्रका मालिक हुनुहुन्छ, उहाँमाथि बढीभन्दा बढी दरुद र सलाम पठाउनु हो। तपाईंका पालनकर्ताले तपाईंलाई यसको आदेश दिँदै भन्नुभएको छ:

إِنَّ اللَّهَ وَمَلَائِكَتَهُ يُصَلُّونَ عَلَى النَّبِيِّ يَاأَيُّهَا الَّذِينَ آمَنُوا صَلُّوا عَلَيْهِ وَسَلِّمُوا تَسْلِيمًا] الأحزاب: 56

**“निश्चय नै अल्लाह र उहाँका फरिश्ताहरू (दूतहरू) पैगम्बरमाथि दरुद (कृपा) पठाउँछन्। हे ईमान ल्याउनेहरू हो! तिमीहरू पनि उहाँमाथि दरुद पठाऊ र पूर्ण रूपमा सलाम (शान्तिको प्रार्थना) पठाऊ।” सूरह अल अह्जाब : ५६**

हे अल्लाह! मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम), उहाँका परिवार तथा सम्पूर्ण सहाबाहरूमाथि आफ्नो कृपा, दरुद र आशिष् अवतरित गर्नुहोस्।

हे अल्लाह! जीवित तथा मृत सम्पूर्ण मुसलमान पुरुष र महिलाहरूलाई क्षमा गर्नुहोस्।

हे पालनकर्ता! हामीबाट संकट, महामारी, कष्ट र कठिनाइहरू हटाइदिनुहोस्। हामीमाथि आफ्ना अनुग्रह र आशिष्हरू निरन्तर कायम राख्नुहोस् र हामीलाई विपत्तिहरूबाट सुरक्षित राख्नुहोस्।

हाम्रा आत्माहरूलाई पवित्र बनाइदिनुहोस्; तपाईंनै तिनलाई पवित्र पार्ने सबैभन्दा उत्तम सत्ता हुनुहुन्छ।

हे हाम्रा पालनकर्ता! हामीलाई यस संसारमा पनि भलाइ प्रदान गर्नुहोस् र परलोकमा पनि भलाइ प्रदान गर्नुहोस्, तथा हामीलाई नरकको यातनाबाट बचाउनुहोस्।

हे अल्लाह! कुवेत र त्यहाँका बासिन्दाहरूलाई हरेक खराबी र अप्रिय कुराबाट सुरक्षित राख्नुहोस्। यस देशलाई तथा अन्य सबै मुस्लिम देशहरूलाई शान्तिपूर्ण र सुरक्षित बनाइराख्नुहोस्, र तिनीहरूको स्थिरता तथा सुरक्षालाई सुदृढ गरिदिनुहोस्।

हे अल्लाह! हाम्रा अमिर र उहाँका युवराजलाई त्यस्ता कार्यहरू गर्ने तौफिक (क्षमता) प्रदान गर्नुहोस्, जुन तपाईंलाई प्रिय छन् र जसबाट तपाईं प्रसन्न हुनुहुन्छ। उनीहरूलाई भलाइ, न्याय र तकवा (धर्मपरायणता) को मार्गमा डोऱ्याउनुहोस्।

हाम्रो अन्तिम प्रार्थना यही हो कि सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो, जो सम्पूर्ण संसारका पालनकर्ता हुनुहुन्छ।

**शुक्रबारको नमाजका लागि नमुना खुत्बा (उपदेश) तयार गर्ने समिति**